# स्थानिय राजपत्र

भानु नगरपालिकाद्धारा प्रकाशित

खण्डः ०७ संख्याः ०८ मितिः२०८१/०८/०१

**भाग-०२**

## भानु नगरपालिका

नेपालको संबिधान बमोजिम भानु नगरसभाले बनाएको देहाय बमोजिमको कार्यविधि सर्वसाधारणको लागि प्रकाशन गरिएको छ।

**<u>नगर प्रमुख उत्कृष्ट कृषक सम्मान कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१</u>**

**प्रमाणीकरण मिति : २०८१/०७/२९**

**प्रस्तावना :**

भानु नगरपालिकामा कृषि पेशालाई सम्मानित तथा व्यवसायिक बनाउन र कृषकहरुलाई परम्परागत कृषिको रुपान्तरण र आधुनिकिकरण गर्न प्रोत्साहित गरी यूवाहरुलाई कृषि क्षेत्रमा आकर्षित गर्न तथा नगर प्रमुख उत्कृष्ट कृषक सम्मान कार्यक्रमलाई पारदर्शी, जवाफदेही, व्यवस्थित र प्रभावकारी ढंगले सञ्चालन गर्न वाञ्छनीय भएकाले, स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी भानु नगर कार्यपालिकाले देहायको कार्यविधि जारी गरेको छ ।

.

**१संक्षिप्त नाम र प्रारम्भः**

क) यो कार्यविधिको नाम "**नगर प्रमुख उत्कृष्ट कृषक सम्मान कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१"** रहेको छ ।

ख) यो कार्यविधि भानु नगरकार्यपालिकाबाट स्वीकृत भएपछि प्रारम्भ हुनेछ ।

**२. कार्यक्रम संचालनको उद्देश्यहरु :** यस कार्यक्रमका उद्देश्यहरु देहाय बमोजिम रहेको छन् ।

(क) कृषकको योगदानलाई सम्मान गर्ने ।

(ख) कृषि पेशालाई समाजको आकर्षक एवं सम्मानित पेशाको रुपमा स्थापित गर्न सहयोग पुऱ्याउने।

(ग) कृषकहरुको मनोबल उच्च राख्न सहयोग पुऱ्याउने ।

(घ) कृषक समुदायमा स्वस्थ्य प्रतिस्पर्धाको भावना विकास गरी कृषि पेशालाई व्यवसायिक बनाउन सहयोग पुऱ्याउने ।

(ङ) शिक्षित युवालाई कृषि पेशा तर्फ आकर्षित गरी नविन प्रविधि अनुशरण गर्न उत्प्रेरीत गर्ने ।

**३. परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

क) "प्रमुख" भन्नाले भानु नगर कार्यपालिकाको नगर प्रमुख सम्झनु पर्छ ।

ख) "उप-प्रमुख" भन्नाले भानु नगर कार्यपालिकाको नगर उप-प्रमुख सम्झनु पर्छ ।

ग) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले भानु नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ ।

घ) "नगरपालिका" भन्नाले भानु नगरपालिका सम्झनु पर्छ ।

ङ) "कार्यविधि" भन्नाले "नगर प्रमुख उत्कृष्ट कृषक सम्मान कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१ सम्झनु पर्छ ।

च) "कार्यक्रम" भन्नाले नगर प्रमुख उत्कृष्ट कृषक सम्मान कार्यक्रम सम्झनु पर्छ ।

छ) "समिति" भन्नाले नगर प्रमुख उत्कृष्ट कृषक सम्मान समिति सम्झनु पर्छ ।

ज) "कृषक" भन्नाले नगरपालिका भित्र कृषि तथा पशुपंछी पालन गर्ने उद्देश्यले कृषि फर्म/समूह/सहकारीमा आबद्ध किसानहरुलाई सम्झनु पर्छ ।

झ) "कृषि फर्म" भन्नाले स्थानीय तहमा दर्ता/सुचिकृत भई कृषि तथा पशुपंछी पालनमा काम गर्ने व्यक्तिगत अथवा सामुहिक फर्मलाई सम्झनु पर्छ ।

ञ) "कृषक समूह" भन्नाले स्थानीय तहमा दर्ता भई कृषि तथा पशुपंछी पालनमा काम गर्ने किसानहरुको समुहलाई सम्झनु पर्छ ।

ट) "कृषि सहकारी" भन्नाले सहकारी ऐन अन्तरगत स्थानीय तहमा दर्ता भई कृषि तथा पशुपंक्षि व्यवसाय गर्ने उद्धेश्य राखि दर्ता भएको सहकारी संस्थालाई सम्झनु पर्छ ।

## ४. कार्यक्रममा समावेश हुने कृषि तथा पशुजन्य वस्तुहरुः

क) नगरपालिकाले आफ्नो स्वीकृत बजेटको परिधिभित्र रही कृषि तर्फबाट ५ वटा बाली ( खाध्यान्न बाली, मसला बाली, तेलहन बाली, फलफुल तथा तरकारी बाली र मौरी पालन ) र पशुपंक्षी तर्फ ५ वटा (गाई/भैंसी पालन, बाख्रापालन, पंक्षीपालन, बंगुर/सुंगुरपालन, माछापालन ) गरी एक आ.व. मा जम्मा १० वटा कृषि तथा पशुजन्य वस्तुहरु समावेश गराउन सकिनेछ ।

ख) एउटै व्यवसायीक कृषकले बाली तथा पशुपंक्षी पालन गरी दुइवटै क्षेत्रमा उत्कृष्ट देखीएमा वा विभिन्न बाली र पशुपंक्षी पालनमा उत्कृष्ट देखीएमा बालीहरुको आम्दानीको आधारमा उच्चतम आम्दानी दिने कुनै एउटा बाली लाई मात्र समितिले छनौट गर्नुपर्नेछ ।

ग) कृषि तथा पशुजन्य वस्तुहरु नदोहरीने गरी समितिले उत्कृष्ट र सर्वोत्कृष्ट छनौट गर्नुपर्नेछ ।

## ५. नगर प्रमुख उत्कृष्ट कृषक छनौट विधिः

यस कार्यक्रम अन्तर्गत उत्कृष्ट कृषकको छनौट देहाय बमोजिमको विधि अनुसार हुनेछ ।

क) यस कार्यक्रम कार्यान्वयनका लागी नगरपालीकाले बढीमा ३० दिन समयावधि दिई अनुसूची २ बमोजिमको ढाँचामा सार्वजनिक सूचना प्रकाशन गरी कार्यक्रममा सहभागी हुन इच्छुक नगरपालिकामा दर्ता भएका व्यक्तिगत कृषि फर्म/समूह/सहकारीहरुको आवेदन माग गर्नुपर्नेछ ।

ख) सूचनामा उल्लेखीत म्याद भित्र सहभागी हुन इच्छुक कृषकहरुले अनुसूची- ३ र अनुसूची- ४ बमोजिमको ढाँचामा नगरपालीकामा निवेदन र व्यक्तिगत विवरण पेश गर्नुपर्नेछ ।

## ६. नगर प्रमुख उत्कृष्ट कृषक छनौट समितिः

समिति नगर प्रमुखको संयोजकत्वमा १३ सदस्यीय हुनेछ ।

| | |
|---|---|
| १) नगर प्रमुख | संयोजक |
| २) नगर उप- प्रमुख | सदस्य |
| ३) प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| ४) आर्थिक विकास समिति संयोजक | सदस्य |
| ५) समितिले मनोनयन गरेका कृषि र पशु क्षेत्रका १/१ जना बिज्ञ | सदस्य |
| ४) आर्थिक विकास समिति सदस्य ३ जना | सदस्य |
| ६) कृषि विकास शाखा र पशु विकास शाखाका प्राविधिक १/१ जना | सदस्य |
| ७) कृषि विकास शाखा प्रमुख | सदस्य |
| ८) पशु विकास शाखा प्रमुख | सदस्य सचिव |

**७. समितिको काम, कर्तव्य र अधिकारः**

क) म्याद भित्र नगरपालिकामा आएका निवेदनलाई मात्र मान्यता दिने ।

ख) उक्त निवेदनहरु मध्ये बाट अनुसूची-१ मा भएका बाली तथा पशुपंक्षी लाई आधार मानेर अनुसूची ५ को मुल्याङ्कनको आधारमा समितिले कृषि तर्फबाट ५ सर्वोत्कृष्ट तथा ५ जना उत्कृष्ट र पशुपंक्षी तर्फ ५ सर्वोत्कृष्ट तथा ५ जना उत्कृष्ट व्यक्तिगत कृषि फर्म/समूह/सहकारी छनौट गर्नुपर्ने ।

ग) छनौट भएका कृषकहरु सम्बन्धी कुनै असन्तुष्ट पक्षले उजुर गरेमा त्यसको अन्तिम निर्णय नगर कार्यपालिकाले तथ्यगत निर्णय गर्नेछ ।

**८. आर्थिक पक्षः**

क) सर्वोत्कृष्ट कृषि फर्म/समूह/सहकारीलाई रु १०,००० /- प्रदान गरीनेछ ।

ख) प्रत्येक उत्कृष्ट कृषि फर्म/समूह/सहकारीलाई जनहि रु ५,००० /- प्रदान गरीनेछ ।

ग) कार्यक्रम व्यवस्थापन तथा प्रशासनिक खर्च (खाजा, बैठक संचालन, अनुगमान, प्रमाणपत्र, ब्यानर,दोस्ल्हा, फ्रेम,माला) लगायतमा खर्च गरिनेछ ।

**९. बाधा अड्काउ फुकाउनेः** यस कार्यविधि कार्यान्वयनमा कुनै बाधा अड्काउ परे नगर कार्यपालिकाको निर्णय गरी फुकाउन सक्नेछ ।

**१०. परीमार्जन तथा संसोधनः** कार्यविधिलाई आवश्यकता अनुसार नगर कार्यपालिकाले परिमार्जन तथा संसोधन गर्न सक्नेछ ।

## अनुसूची १

नगर प्रमुख उत्कृष्ट कृषक सम्मान कार्यक्रममा सहभागिताका लागि न्यूनतम मापदण्ड (तल तालिकामा उल्लेख भएको मध्ये कुनै एक खेती वा पशुपन्छीपालन भए पनि हुने)

| क्र.सं. | बालीको नाम | क्षेत्रफल/संख्या (न्यूनतम) व्यक्तिगत कृषि फर्मको हकमा | क्षेत्रफल/संख्या (न्यूनतम) समूह/सहकारीको हकमा | कैफियत |
|---|---|---|---|---|
| १ | खाद्यान्न बाली | ५ रोपनी | ५० रोपनी | मकै, चैते धान |
| २ | तेलहन बाली | ३ रोपनी | ५० रोपनी | तोरी |
| ३ | तरकारी फलफुल बाली | ३ रोपनी | २० रोपनी | गोलभेडा, आलु, लिचि, सुन्तला कागती |
| ४ | मसला बाली | ३ रोपनी | २० रोपनी | अदुवा, बेसार |
| ५ | मौरी पालन | १० गोला सहित घार | १५० गोला सहित घार | |
| ६ | गाई/भैंसी पालन | १० माउ गाई/भैंसी | १००माउ गाई/भैंसी | |
| ७ | बाखा पालन | २० माउ बाखा | ३०० माउ बाखा | |
| ८ | पंक्षी पालन | | | |
| ८क | स्थानीय | ५० माँउ | ५०० माँउ | |
| ८ख | कोइलर गीरीराज | ५०० | ५००० | |
| ८ग | लेयर/बोइलर | २५०० | १०००० | |
| ९ | बंगुर/सुंगुर पालन | १० माउ बंगुर/सुंगुर | ५० माउ बंगुर/सुंगुर | |
| १० | माछापालन | ५ रोपनी | ३० रोपनी | |

माथि उल्लेखित अनुसूची अनुसार बाली तथा पशुपंक्षी पालन गरेका कृषि फर्म/समूह/सहकारीहरु मध्ये जम्मा ५ वटा कृषि फर्म लाई छनौट गरी सर्वोउत्कृष्ट र उत्कृष्ट सम्मान कार्यक्रम संचालन गरीनेछ ।

**अनुसूची- २**
**सूचना प्रकाशनको ढाँचा**

............ नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
.....................

प्रथम पटक प्रकाशन गरिएको मितिः २०८१/..../....

............ नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, ............ को आर्थिक वर्ष २०८१/८२ को स्वीकृत नगर प्रमुख उत्कृष्ट कृषक सम्मान कार्यक्रममा समावेश हुन ईच्छुक कृषि फर्म/समूह/सहकारीहरुले यो सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र नगरपालिकामा तपसिल बमोजीमका कागजात सहित निवेदन पेश गर्न यो सूचना प्रकाशन गरिएको व्यहोरा अनुरोध छ।

आवश्यक कागजातहरु :

१. अनुसूची-३ बमोजिमको निवेदन
२. अनुसूची-४ बमोजिमको व्यक्तिगत विवरण
३. वडा कार्यालयको सिफारिस पत्र
४. नागरिकताको प्रतिलिपि
५. जग्गा लालपुर्जाको प्रतिलिपि
६. कृषि फर्म/समूह/सहकारी दर्ता तथा नविकरणको प्रमाण पत्रको प्रतिलिपि

...............................
..................................
प्रमुख प्रशासकीय अधिकृत

## अनुसूची- ३

### नगर प्रमुख उत्कृष्ट कृषक सम्मान कार्यक्रममा भाग लिने कृषकले पेश गर्नुपर्ने निवेदनको ढाँचा

मितिः २०७९/..../....

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू,
........... नगरपालिका ।

बिषयः नगर प्रमुख उत्कृष्ट कृषक सम्मान कार्यक्रममा सहभागी हुन पाऊँ ।

महोदय,

प्रस्तुत विषयमा तहाँ कार्यालयको मिति ................... गते प्रकाशन गरिएको सूचना अनुसार नगर प्रमुख उत्कृष्ट कृषक सम्मान प्रतियोगितामा मलाई सहभागी हुन इच्छा भएकोले मेरो बिवरण सहितको निवेदन फारम दर्ता गरी दिनुहुन अनुरोध गर्दछु । यसमा मैले पेश गरेको संलग्न बिवरण ठीक छ, झुट्टा ठहरिए कानुन बमोजिम सहुला बुझाउला ।

**निवेदक**
नाम थर :
ठेगाना :
मोवाइल नं :
दस्तखतः

# अनुसूची- ४

## नगर प्रमुख उत्कृष्ट कृषक सम्मानको लागि कृषकले पेश गर्नुपर्ने व्यक्तिगत विवरणको ढाँचा

१. कार्यक्रममा सहभागी हुने कृषि फर्म/समूह/सहकारीको नामः
२. सञ्चालकको नागरीकता नं :
३. फर्म दर्ता नंः
४. दर्ता भएको निकायः
५. कृषि फर्म/समूह/सहकारीको आम्दानीको आधारमा क्रमगत रुपमा मुख्य ३ बाली/पशुपंक्षी पालनः
क)
ख)
ग)

६. श्रोत साधनको विवरणः

| क.स. | विवरण | बिगत ३ वर्षको तथ्याङ्क | | | |
|---|---|---|---|---|---|
| | | इकाई | परीमाण | परीमाण | परीमाण |
| १ | **कृषकसंग भएको जग्गाको विवरण** | | | | |
| क | कुल जग्गाको क्षेत्रफल (ठेक्का लिएको जग्गा समेत) | | | | |
| ख | कुल खेती गरिएको क्षेत्रफल | | | | |
| ग | पशुपालनको लागि प्रयोग गरेको जग्गाको क्षेत्रफल | | | | |
| घ | सिंचित जग्गाको क्षेत्रफल | | | | |
| २ | **सिंचाईको श्रोत** | | | | |
| क | कूला | | | | |
| ख | वोरिङ्ग | | | | |
| ग | इनार | | | | |
| घ | कृषि यन्त्र उपकरणहरुको विवरण तथा अवस्था | | | | |

७. खेती गरिएको वालीको क्षेत्रफल र उत्पादन विवरण

| क. स. | विवरण | बिगत ३ वर्षको तथ्याङ्क | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | क्षेत्रफल (हे) | उत्पादन (टन) | उत्पादकत्व (टन/हे) | क्षेत्रफल (हे) | उत्पादन (टन) | उत्पादकत्व (टन/हे) | क्षेत्रफल (हे) | उत्पादन( टन) | उत्पादकत्व( टन/हे) |
| १ | खाध्यान्न बाली | | | | | | | | | |
| क | धन | | | | | | | | | |
| ख | मकै | | | | | | | | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ग | गहुँ | | | | | | | | | |
| घ | कोदो | | | | | | | | | |
| २ | तेलहन बाली | | | | | | | | | |
| क | रायो, तोरी, सर्स्यू | | | | | | | | | |
| ख | सुर्यमुखी | | | | | | | | | |
| ३ | तरकारी बाली | | | | | | | | | |
| क | बर्षे तरकारी | | | | | | | | | |
| ख | हिउदे तरकारी | | | | | | | | | |
| ग | बेमौसमी तरकारी | | | | | | | | | |
| घ | आलु | | | | | | | | | |
| ४ | मसला बाली | | | | | | | | | |
| ५ | फलफुल बाली | | | | | | | | | |
| क | आँप | | | | | | | | | |
| ख | लिचि | | | | | | | | | |
| ग | केरा | | | | | | | | | |
| घ | कागती | | | | | | | | | |
| ६ | कफि/टिमुर | | | | | | | | | |
| ७ | च्याउखेती (पोकाको सँख्या) | | | | | | | | | |
| ८ | मौरीपालन (गोलाको सँख्या र मह उत्पादन के.जीमा) | | | | | | | | | |

**नोटः**

- १ टन - १००० के.जी
- १ हेक्टर (हे.) - २० रोपनी - १०,००० बर्ग मिटर

८. पशु पन्छीपालन तथा उत्पादन विवरण

| क्र.स. | विवरण | बिगत ३ वर्षको तथ्याङ्क | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | सँख्या | उत्पादन (दुध-लिटर, मासु-के.जी) | उत्पादकत्व (दुध-लिटर/बेत, मासु-के.जी/पशु) | सँख्या | उत्पादन (दुध-लिटर, मासु-के.जी) | उत्पादकत्व (दुध-लिटर/बेत, मासु-के.जी/पशु) | सँख्या | उत्पादन (दुध-लिटर, मासु-के.जी) | उत्पादकत्व (दुध-लिटर/बेत, मासु-के.जी/पशु) |
| १ | गाई/भैंसी पालन | | | | | | | | | |
| २ | बाखा पालन | | | | | | | | | |
| ३ | बंगुर/सुंगुर पालन | | | | | | | | | |
| ४ | पंक्षी पालन | | | | | | | | | |
| ५ | माछा पालन | | | | | | | | | |
| ६ | घाँस खेती (हे. र टन) | | | | | | | | | |
| ७ | दुध उत्पादन | | | | | | | | | |
| ८ | मासु उत्पादन | | | | | | | | | |
| ९ | अण्डा उत्पादन | | | | | | | | | |

९. सेवा तथा संस्थागत पहुँच सम्बन्धी विवरण

| क्र.स. | सेवा तथा संस्थागत पहुँच | बिगत ३ वर्षको तथ्याङ्क | | |
|---|---|---|---|---|
| | | विवरण | विवरण | विवरण |
| १ | कृषि ऋृण श्रोत एवं परीमाण रकम रु | | | |
| २ | बलि तथा पशुधन बीमा कार्यक्रममा पहुँच | | | |
| ३ | कार्यक्रम/आयोजनाबाट अनुदान प्राप्ति रकम | | | |
| ४ | प्राविधिकसँगको संम्पर्क स्थिति (प्राविधिक सेवा लिएको निकाय) | | | |
| ५ | कर चुक्ता | गरेको/नगरेका | गरेको/नगरेका | गरेको/नगरेका |
| ६ | लेखापालन | गरेको/नगरेका | गरेको/नगरेका | गरेको/नगरेका |
| ७ | लेखापरीक्षण | गरेको/नगरेका | गरेको/नगरेका | गरेको/नगरेका |

१०. कृषि पेशमा संलग्न कामदारहरुको विवरण

| क.स. | कामको किसिम | बिगत ३ वर्षको तथ्याङ्क | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | संख्या जम्मा | घरेलु कामदार | बाह्य कामदार | संख्या जम्मा | घरेलु कामदार | बाह्य कामदार | संख्या जम्मा | घरेलु कामदार | बाह्य कामदार |
| १ | खेती कार्यमा | | | | | | | | | |
| २ | पशुपालन कार्यमा | | | | | | | | | |
| ३ | पन्छी पालन कार्यमा | | | | | | | | | |
| ४ | प्रशोधन तथा बजारीकारण कार्यमा | | | | | | | | | |

११. कृषि व्यवसायमा लगानी स्थिती

| क.स. | सेवा तथा संस्थागत पहुँच | बिगत ३ वर्षको तथ्याङ्क | | |
|---|---|---|---|---|
| | | रकम रु. | रकम रु. | रकम रु. |
| १ | जम्मा खेती खर्च | | | |
| २ | जम्मा पशु पालन खच | | | |
| ३ | जम्मा पन्छी पालन खच | | | |
| | जम्मा कृषि औजार उपकारण खरिद खच | | | |
| ५ | अन्य खच | | | |
| | कुल जम्मा खर्च | | | |

१२. कृषि व्यवसायमा भएको लगानीको श्रोत:

| क.स. | लगानीको श्रोत | बिगत ३ वर्षको तथ्याङ्क | | |
|---|---|---|---|---|
| | | रकम रु. | रकम रु. | रकम रु. |
| १ | आफ्नो लगानी | | | |
| २ | बैंक तथा वित्तीय संस्थाबाट लिएको ऋण रकम | | | |
| ३ | समूह/सहकारीबाट लिएको ऋण रकम | | | |
| ४ | साहु/छिमेकीबाट लिएको ऋण रकम | | | |
| ५ | अन्य | | | |
| | जम्मा | | | |

१३. कृषि पेशबाट बार्षिक पारिवारिक आम्दानी स्थिती

| क.स. | सेवा तथा संस्थागत पहुँच | बिगत ३ वर्षको तथ्याङ्क | | |
|---|---|---|---|---|
| | | रकम रु. | रकम रु. | रकम रु. |
| १ | खेती कार्यबाट | | | |
| २ | पशु पालनबाट | | | |
| ३ | पन्छी पालनबाट | | | |
| ४ | कृषि उपजको बजारीकरणबाट | | | |
| ५ | कृषि पेश अन्तर्गत पर्ने अन्य कुनै माध्यमबाट | | | |
| | कुल जम्मा अम्दानी | | | |

१४. निम्न विषयमा सहभागी कृषक दक्षता:

| क.स. | क्षेत्र | दक्षता |
|---|---|---|
| १ | प्रविधि उपयोग तथा अनुसरण (भएको/नभएको) | |
| २ | श्रोत साधनको अधिकतम सदुपयोग (गरेको/नगरेको) | |
| ३ | प्रविधि विस्तारमा योग्दान (भएको/नभएको) | |
| ४ | रोग किरा नियन्त्रण प्रविधिको उपयोग ( भएको/नभएको) | |
| ५ | भकारो एवं गोठ सुधार (गरेको/नगरेको) | |
| ६ | उत्पादन लागत तथा प्रतिफल सम्बन्धी रेकर्ड व्यवस्थापन (गरेको/नगरेको) | |
| ७ | बैदेशीक रोजगारी बाट फिर्ता भई कार्य ( गरेको/नगरेको) | |
| ८ | कुनै किसिमको सम्मान एवं प्रशंसा पत्र पाएको ( पाएको/नपाएको) | |
| ९ | समूह, समिति, सहकारीका सदस्य (भएको/नभएको) | |
| १० | स्थानीय स्तरमा आफ्नो अनुभवको आदन प्रदान ( गरेको/नगरेको) | |

१५. नयाँ प्रविधि उपयोग तथा विकासको विवरण

१६. कृषि व्यवसाय प्रवर्द्धनका भावी योजना (कुनै भएमा)

१७. कृषकको सफलताको कथा (बढीमा १०० शब्दमा)

## अनुसूची- ५

नगर प्रमुख कृषक सम्मानको लागि कृषकले पेश गरेको निवेदनफारमको मूल्याङ्कनका आधारहरुः

| क.स. | निवेदनफारम मूल्याङ्गन मापदण्ड | पूर्णाङ्क अंक | प्राप्ताङ्क अंक |
|---|---|---|---|
| १ | श्रोत साधनको स्थिती एवं सदुपयोग | १० | |
| २ | उत्पादन स्थिती/उत्पादकत्व | १० | |
| ३ | सेवा तथा संस्थागत पहुँच | १५ | |
| ४ | रोजगरी सिर्जनाको स्थिती | १० | |
| ५ | कृषि व्यवसायमा गरेको आर्थिक लागनीको स्थिती | १५ | |
| ६ | कृषि व्यवासयबाट प्राप्त आम्दानी एवं प्रतिफल स्थिती | १५ | |
| ७ | प्राविधिक ज्ञान सीप बारे जानकरी एवं प्रयोग स्थिती | १० | |
| ८ | कृषि व्यवसायको दिगोपना स्थिती | १० | |
| ९ | सिर्जनात्मक कार्य गरेको | ५ | |

१. श्रोत साधनको स्थिती एवं सदुपयोग (१०)

- अनुसूची १ मा उल्लेखीत न्यूनतम क्षेत्रफललाई- ६ अंक
- न्यूनतम क्षेत्रफलमा थप ५०-१००% सम्मको क्षेत्रफललाई- ८ अंक
- न्यूनतम क्षेत्रफलमा थप १००% भन्दा माथीको क्षेत्रफललाई - १० अंक

२. उत्पादन स्थिती/उत्पादकत्व (१०)

- कृषि तथा पशुपन्छी विकास मन्त्रालय, सिंहदरबारद्वारा प्रकाशीत पछिल्लो तथ्याङ अनुसारको राष्ट्रिय औषत उत्पादकत्वलाई- ६ अंक
- कृषि तथा पशुपन्छी विकास मन्त्रालय, सिंहदरबारद्वारा प्रकाशीत पछिल्लो तथ्याङ अनुसारको राष्ट्रिय औषत उत्पादकत्वमा थप ५०-१००% सम्मको उत्पादकत्वलाई- ८ अंक
- कृषि तथा पशुपन्छी विकास मन्त्रालय, सिंहदरबारद्वारा प्रकाशीत पछिल्लो तथ्याङ अनुसारको राष्ट्रिय औषत उत्पादकत्वमा थप १००% भन्दा माथीको उत्पादकत्वलाई- १० अंक

३. सेवा तथा संस्थागत पहुँच (१५)

- कृषि ऋण लिएको- २ अंक
- बालि तथा पशुधन बीमा गरेको- ४ अंक
- पछिल्लो ३ वर्षमा कार्यक्रम/आयोजनाबाट अनुदान प्राप्ति नगरेको- ३ अंक
- प्राविधिक सेवा लिएको- २ अंक

- कर चुक्ता गरेको- २ अंक
- लेखापालन गरेको- १ अंक
- लेखापरीक्षण गरेको- १ अंक

४. रोजगरी सिर्जनाको स्थिती (१०)

- स्वंयम रोजगारी मात्र- ६ अंक
- कम्तीमा ६ महिना रोजगारी पाएका ५ जना सम्मका वाह्य रोजगारी- ८ अंक
- कम्तीमा ६ महिना रोजगारी पाएका ५ जना भन्दा बढी वाह्य रोजगारी- १० अंक

५. कृषि व्यवसायमा गरेको आर्थिक लगानीको स्थिती (१५)

- ३ लाख सम्मको लगानीलाई- ६ अंक
- ३ देखी माथी ५ लाख सम्मको लगानीलाई- ८ अंक
- ५ देखी माथी १० लाख सम्मको लगानीलाई- १२ अंक
- १० लाख भन्दा माथीको लगानीलाई- १५ अंक

६. कृषि व्यवसायबाट प्राप्त आम्दानी एवं प्रतिफल स्थिती (१५)

- ५ लाख सम्मको वार्षिक आम्दानीलाई- ८ अंक
- ५ देखी माथी १० लाख सम्मको वार्षिक आम्दानीलाई- १२ अंक
- १० लाख भन्दा माथीको वार्षिक आम्दानीलाई- १५ अंक

७. प्राविधिक ज्ञान सीप बारे जानकरी एवं प्रयोग स्थिती (१०)

- प्रविधि उपयोग तथा अनुसरण भएको- १ अंक
- श्रोत साधनको अधिकतम सदुपयोग गरेको- १ अंक
- प्रविधि विस्तारमा योग्दान भएको- १ अंक
- रोग किरा नियन्त्रण प्रविधिको उपयोग भएको- १ अंक
- भकारो एवं गोठ सुधार गरेको- १ अंक
- उत्पादन लागत तथा प्रतिफल सम्बन्धी रेकर्ड व्यवस्थापन गरेको - १ अंक
- बैदेशीक रोजगारी बाट फिर्ता भई कार्य गरेको - १ अंक
- कुनै किसिमको सम्मान एवं प्रशंसा पत्र पाएको - १ अंक
- समूह, समिति, सहकारीका सदस्य भएको - १ अंक
- स्थानीय स्तरमा आफ्नो अनुभवको आदन प्रदान गरेको - १ अंक

८. कृषि व्यवसायको दिगोपना स्थिती (१०)

- ३ वर्षको आयको प्रवृत्ति- ४ अंक
- ३ वर्षको लगानीको प्रवृत्ति- ३ अंक

- ३ वर्षको बजार तथा प्रविधिको प्रयोग- ३ अंक

९. सिर्जनात्मक कार्य गरेको (५)

- प्रविधि प्रयोगमा - १ अंक
- नवप्रवर्द्धन - १ अंक
- उद्यमशीलतामा - १ अंक
- सीपहस्तानतरणमा- १ अंक
- बजारीकरणमा - १ अंक

**आज्ञाले**
गौतम भण्डारि
प्रमुख प्रशासकिय अधिकृत